# लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण

# मूलप्रवाहीकरण रणनीतिक योजना

## गाउँ कार्यपालिकाको कार्यालय

## तिला गाउँपालिका

## जुम्ला जिल्ला

## कर्णाली प्रदेश

२०७९

(पहिलो संशोधन २०८१)

## भनाई

संविधानमा व्यवस्था भएका हक र अधिकारहरू कार्यान्वयन गरी नागरिकलाइ महशुस गराउने जिम्मेवारी स्थानीय सरकारको पनि हो। नेपालको संविधानले लैङ्गिक तथा सामाजिक समावेशी समाजको परिकल्पना गरेको छ। संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ। महिला, दलित, बालबालिका, +अपांगता भएका व्यक्ति, सामाजिक न्याय लगायतका मौलिक हक अधिकारहरू संविधान प्रदत्त हकहरू हुन्।

तिला गाउँपालिकाले महिला तथा सेवा लिनबाट बञ्चित रहेका व्यक्तिहरुका हकहरुको कार्यान्वयन गर्न पहल गरिसकेको छ। त्यसलाइ अरु बढी प्रभावकारी बनाइ तिला गाउपालिकालाइ लैङ्गिक, +अपांगता, तथा सामाजिक समावेशीमैत्री पालिका बनाउन तिला गाउँपालिकाले यो *लैसअसास रणनीतिक योजना बनाएको हो।

लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक, न्यायपुर्ण समृद्ध पालिकाको निर्माण गर्ने दूरदृष्टि लिएर यो रणनीति निर्माण भएको हो।यो रणनीतिक योजनाले तिला गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट *लैसअसास मैत्री हुने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ।यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला, +बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरू लगायत अन्य सबै लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने उद्देश्य लिएको छ। नेपालले लैसअसास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरु कार्यान्वयन गर्नु गाउँपालिकाको दायित्व पनि हो। यस गाउँपालिकामा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ।

यो रणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने कार्यदल, रणनीति निर्माणमा खट्नु भएका गाउँपालिकाका पदाधिकारी, कर्मचारी र प्राविधिक सहयोग गर्ने प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र कर्णाली प्रदेशका परामर्शदाता धर्मराज जोशीलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। यसैगरी यस लैससास योजनालाइ समयानुकूल अपांगता भएका व्यक्तिहरूको दृष्टिकोणबाट थप विश्लेषण गरी लैसअसास योजनाको रूपमा परिमार्जन गर्न इन्टरनेशनल नेपाल फेलोशिप (आइ.एन.एफ.) नेपालले सहजीकरण गरेकोले सो संस्था पनि कृतज्ञताको पात्र भएको छ । *लैसअसासमैत्री गाउँपालिका निर्माण गर्न यो योजनाले महत्वपूर्ण भूमिका खेल्न सबै सरोकारवालाहरूको सकारात्मक योगदानको अपेक्षा गर्दछु।

..........................

**गाउँपालिका अध्यक्ष**

# विषयसूची


१. पृष्ठभुमी ..... 5

१.१ तिला गाउँपालिकाको परिचय ..... 7

१.२ लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य ..... 9

१.३ लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना निर्माणका विधि तथा प्रक्रियाः ..... 10

१.४ लैसअसास परिभाषा – मुख्य शव्दावलीहरु ..... 11

२. गाउँपालिकामा लैसअसासको अवस्था र सन्दर्भ विश्लेषण ..... 14

२.१ गाउँपालिकाको लैसअसासको अवस्था ..... 14

२.२ **लक्षित** वर्ग नक्साङ्कन ..... 15

२.३ सरोकारवालाहरुको विश्लेषण ..... 17

२.४ गाउँपालिकाको लैसअसासको दृष्टिबाट सबल पक्ष र कमजोर पक्ष (आन्तरीक पाटो) तथा अवसर र चुनौती वा बाधा (बाहिय पाटो) को विश्लेषण र साराशंमा मुख्य पक्षहरुः ..... 20

२.५ गाउँपालिका र वडागत रुपमा लैसअसासमा प्रमुख समस्या तथा सवालहरु ..... 24

२.६ गाउँपालिकाको लैसअसास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु ..... 24

३. पातारासी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु ..... 25

क दीर्घकालिन सोचः ..... 25

ख ध्येयः ..... 25

ग लक्ष्यः ..... 25

घ उद्देश्यहरुः ..... 25

४ . रणनीतिको औचित्य वा आवश्यकता ..... 26

५. रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्दान्तहरु ..... 27

६. लैसअसास मूलप्रवाहिकरणको रणनीतिहरु ..... 28

७. लैसअसास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना ..... 29

८ . लैसअसास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था ..... 41

८.१. गाउँपालिकाकास्तरीय लैसअसास कार्यान्वयन समितिको गठन. ..... 41

८.२. वडास्तरमा लैसअसास कार्यान्वयन समिति गठन ..... 42

८.३. लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार ..... 42


तिला गाउँपालिका

८.४. वडास्तरको लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार ........ 43

८.५. वैठक, कार्यविधि र सेवासुविधा ........ 43

८.६ सम्पर्क व्यक्ति ........ 44

९. लैसअसास रणनीति कार्यान्वयनको लागि वित्त व्यवस्थापन ........ 44

९.१ आर्थिक स्रोत ........ 44

९.२ मानवीय स्रोत ........ 45

१०. रणनीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्था ........ 45

तिला गाँउपालिका

## १. पृष्ठभूमी

लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण (*लैसअसास) लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मानव अधिकार तथा सामाजिक विकासका दृष्टिले एक महत्त्वपूर्ण क्षेत्रको रूपमा लिने गरिएको छ। नेपालको संविधानले वर्गीय, क्षेत्रीय, लैङ्गिक विभेद, +अपांगता र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समातामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। साथै समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, बालबालिकाको हक, महिलाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक लगायत शिक्षा, स्वास्थ्य, पोषण जस्ता विषयहरूलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ ।त्यसैगरी दिगो विकासको लक्ष्यले लैङ्गिक समानता हासिल +एवं अपांगताका सवालहरू सम्बोधन गर्ने र नीतिगत, कानुनी, संरचनात्मक लगायतका आयामहरूबाट सामाजिक, आर्थिक तथा राजनीतिक समावेशितालाई प्रबर्धन गर्दै सामाजिक संरक्षणका नीति अवलम्बन गर्ने लक्ष्य लिएको छ।

नेपालको संविधानले महिला अधिकार सम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेकोछ। नेपालको संविधानको नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, *यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले राज्यको हरेक निकायमा आफ्नो अधिकारको उपयोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ जसको लागि नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। महिलाको हक सम्बन्धी धारा ३८ ले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरु कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। समानताको हकले नागरिकहरु सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तीकरण र विकासको लागि संविधानमा विशेष प्रावधानहरु राखिएको छ।सामाजिक न्यायको हकले तीन वटै तहका सरकारहरुले समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण (*लैसअसास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ। यसका साथै दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र

अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी +अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ को उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, +बिपद व्यवस्थापन, लैङ्गिक, +अपांगता तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता, +अपांगता सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ।

संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक र गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनको परिकल्पना गर्दछ। यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका नागरिक, बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, पछाडी परेका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ। चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडि नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यहरुले अङ्गीकार गरेको छ।

नेपालको दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर–सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिइएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विधमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्ने सङ्कल्प गरे अनुरूप नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुख्य विषयको रूपमा अङ्गीकार गरिएको छ। वि.सं. २०६३/०६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा संरचना निर्माण र बजेट तथा योजना तर्जुमा गरी सोको कार्यान्वयन हुँदै आएको छ।

पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७ - २०८०/०८१) को आधार–पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा ब्यक्त प्रतिबद्धताहरूलाई समावेश गरेको छ। साथै (क) लैङ्गिक समानता तथा महिला सशक्तीकरण (ख) बालबालिका तथा किशोरकिशोरी (ग) ज्येष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई अलग अलग शीर्षकमा राखिएको छ।

नेपालको मानव विकास सूचाङ्क ०.४११, लैङ्गिक विकास सूचक ०.८८६, लैङ्गिक असमानता सूचकाङ्क ०.४७९ बहुआयामिक गरिबी सूचाकाङ्क ०.२३० र महिला पुरुषको श्रमशक्ति सहभागिता दर ३५.८ प्रतिशत रहेको छ। नेपालको कुल जनसङ्ख्याको करिब १.९४ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ। पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ र बहुआयमिक गरिबी २८.६ प्रतिशत रहेकोमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण यो प्रतिशत अझ बढ्न सक्ने अनुमान गरिएको छ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा स्थानीय तहका सबै नीति योजना, कार्यक्रम तथा संरचनाका सबै अङ्गहरुमा महिला, +बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, दलित, आदिवासी/जनजाती, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समान सहभागी गराई लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री गाउँपालिकाका बनाउने परिकल्पना अनुरुप "लैसअसास मूलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले तिला गाउँपालिकाको लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण" मूलप्रवाहीकरण रणनीतिक योजना तर्जुमा गरिएको छ।

## १.१ तिला गाउँपालिकाको परिचय

नेपालको संवैधानिक तथा राजनितिक संरचना अनुसारको ७७ जिल्ला मध्ये जुम्ला जिल्ला पनि एक हो। नेपाल सरकारको निर्णय बमोजिम नेपाल राजपत्रमा सुचना प्रकासित नेपालमा ७५३ वटा स्थानीय तह रहने व्यवस्था गरेको थियो। कर्णाली प्रदेशको राजधानीबाट उत्तरमा रहेको यस तिला गाउँपालिकाको प्राय अधिकांश भाग हिमाली भूभागले ढाकेको छ। तिला गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लामा अवस्थित उच्च पहाडी विशेषता बोकेको गाउँपालिका हो। साविकका गा.वि.स. रारालिही, कुडारी, घोडेमहादेव र मालिकाठाँटा मिलेर बनेको यस गाउँपालिकाको नाम यस क्षेत्रको महत्त्वपूर्ण पर्यटकीय संभावना बोकेको तिला नदीको नामबाट नामाकरण गरिएको हो । यस गाउँपालिकालाई ९ वटा वडाहरुमा विभाजन गरिएको छ।

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहहरु मध्ये तिला गाउँपालिका एक २०७३।११।२७ मा गठित स्थानीय तह हो। जुम्ला जिल्लामा विद्यमान १ नगरपालिका र ७ वटा गाउँपालिका मध्ये तिला गाउँपालिका पनि एक हो। गाउँपालिकाको केन्द्र डुन्डेलीमा हाल सञ्चालन भइरहेको छ। यस गाउँपालिकामा विभिन्न जातजाती, भाषाभाषी, धर्म संस्कृतिका मानिसहरुको बसोबास भएता पनि यहाँ क्षेत्रीहरुको बाहुल्यता रहेको छ। समुन्द्र सतहदेखि करिब २५०० मिटरसम्मको उचाइमा रहेको तिला गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २९ डिग्री ५ मिनेट ४० सेकेन्ड र ८१ डिग्री ५३ मिनेट ४० सेकेन्ड पूर्वी देशान्तरबीच फैलिएको छ। तिला गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार यो गाउँपालिकाको क्षेत्रफल १७५.४१ वर्ग कि.मि. रहेको छ भने यहाँको कुल घरधुरी २६२३ र जनसंख्या १६०७५ (पुरुष ८२४१ र महिला ७८३४) रहेको छ। +तथापी नेपालको जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल घरधुरी २६६७ र जनसंख्या १४५३९ (पुरुष ७२०२, महिला ७३३७) रहेको छ।जसमध्ये अपांगता भएका व्यक्तिहरूको जम्मा संख्या ३२९ (पुरुष १९०२,

महिला १३९) रहेको देखिन्छ। जुन अपांगता प्रतिशतः २.३ रहेको छ। भौगोलिक रुपमा विकट र दुर्गम भएता पनि तिला गाउँपालिकाको पर्यटकीय, व्यवसायिक, वातावरणीय लगायतका विभिन्न बहुआयामिक पक्षहरुबाट महत्त्वपूर्ण पहिचान दिएको छ।

यस गाउँपालिकामा गठित समुहहरुमा महिलाहरुको नेतृत्व नामको लागी मात्र रहेको देखिन्छ। महिलाहरु खासगरी घरायसी कामको साथै खेतबारीको काम समेत गर्दछन्। सामाजिक सम्पत्तिमा जातिय हिसाबले सबैको प्रतिनिधित्व भएको देखिए पनि महिलाहरुको भने सहभागिता न्युन देखिएको छ। शिक्षा, जनचेतना र सामाजिक मूल्य मान्यताको कारण महिलाहरु पछाडि परेका छन्। राज्य शक्तिमा सबै जातजातिको पुरुषहरूको पहुँच छ तर महिलाको पहुँच कम मात्रामा छ। अन्य जातिहरुको तुलनामा पारिवारिक निर्णय प्रक्रियामा पुरुष जनजातीको बाहुल्यता छ। यस गाउँपालिकाले पनि आफ्नो नीति, कार्यक्रम तथा बजेटमा यस विषयलाइ महत्वको साथ समावेश गरेको देखिन्छ। जसमा निम्न नीतिहरु उल्लेख गरेको छ।

- ✓ लैङ्गिक समानता, महिला सशक्तिकरण लैङ्गिक मुलप्रवाहिकरण र महिला एवं +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ। लघु उद्यम तथा सिप विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालनका क्रममा पछाडि परको वर्गलाई सहभागितामा विशेष प्राथमिकता दिइनेछ।
- ✓ असल सामाजिक मूल्य मान्यताको संरक्षण एवम् सम्बर्धन गरिनेछ। बाल विवाह गर्ने तथा गराउने दुवैलाइ कानुनको कठघरामा उभ्याईनेछ।
- ✓ लक्षित वर्ग एवम् समुदाय केन्द्रित व्यवसायिक सीपमूलक तालिम सञ्चालन गरि त्यस्ता वर्गको सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ। प्रत्येक वडामा अनिवार्य रुपमा स्थापना हुने टोल विकास संस्थाहरुमा लक्षित वर्गहरुको सहभागिता सुनिश्चत गरिनेछ।
- ✓ +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई समेट्ने गरि बजेटको व्यवस्था गरि उनीहरुको मूल प्रवाहीकरणका कार्यक्रम संचालन गरिनेछ।
- ✓ समाजमा कुसंस्कारको रुपमा रहेको बाल विवाह र दाइजो प्रथालाइ न्यूनिकरण गर्न टोल वडा एवम् गाउँपालिका स्तरमा चेतनामुलक कार्यक्रम गर्नका साथै कानुनी कार्वाहीलाइ कडाईका साथ लागु गरिनेछ।
- ✓ शिक्षाबाट विमुख बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने कार्यक्रम तय गरी विद्यालय उमेरका सम्पूर्ण बालबालिका शिक्षाको मुलधारमा ल्याइनेछ।
- ✓ विद्यालय, वडा र गाउँपालिकामा बाल क्लब एवम् संजाल गठन गरी क्रियाशील गरिनेछ।
- ✓ पारिवारिक संस्कार एवम पोषणको अवस्था सुधार गर्न टोल र वडा स्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

- ✓ महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय एवं अपांगता भएका व्यक्तिहरूको शसक्तिकरणको लागि प्रत्येक टोल, वडामा महिला समुह एवं समिति गठन गरी गाउँपालिकामा सुचीकृत गरिनेछ। यस्ता समुहलाई अनुशिक्षण तालिम दिइनेछ।
- ✓ प्रत्येक वडामा रहेका महिला +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय एवं अपांगता भएका व्यक्तिहरूको समितिलाइ आयआर्जन सम्बन्धि तालिम दिई आयआर्जनमूलक व्यवसायमा आबद्धता गरिनेछ।
- ✓ लैङ्गिक हिंसा, घरेलु हिंसा न्यूनिकरण गर्न कानुनी एवं चेतनामूलक कार्यक्रममा जोड गरिनेछ।

## १.२ लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य

लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको माध्यमबाट गाउँपालिकाले तर्जुमा गर्ने नीति +तथा कार्यक्रम, कानून तथा योजना, +संरचना, मानव संशाधन तथा क्षमता विकास तथा सेवा प्रवाहका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समावेशी लोकतन्तत्रलाई संस्थागत गर्दै सामाजिक न्याय कायम गर्नुका साथै राज्यका सबै संयन्त्रहरूमा सम्पूर्ण तह वा वर्गका नागरिकको समतामुलक पँहुच स्थापित गर्नु लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण रणनीति योजनाको मुख्य उद्देश्य रहेको छ।

***रणनीतिक योजनाका विशेष उद्देश्यहरु निम्न लिखित रहेका छन।***

क) गाउँपालिकामा *लैसअसास सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने।

ख) गाउँपालिकाको योजना तर्जुमा प्रकृयालाई *लैसअसासमैत्री बनाउने।

ग) गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने।

घ) गाउँपालिकाको नीति, कानून, संरचना, कार्यक्रम, योजनाका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

ङ) सरोकारवालाहरु बिच *लैसअसासको बुझाईमा एकरुपता कायम गर्न र *लैसअसास सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्ने ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा *लैसअसास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु, कार्य योजनाहरु तथा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सहयोग गर्ने।

छ) लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै स्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था गर्ने।

## १.३ लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना निर्माणका विधि तथा प्रक्रियाः

तिला गाउँपालिकाको लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना गाउँपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवाला बिच गरिएको परामर्शबाट तयार पारिएको हो। कार्यपालिकाका पदाधिकारीहरु र कर्मचारीहरुबाट लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना निर्माणमा अग्र भूमिका निर्वाह गरेको छ। गाउँपालिकाको *लैसअसास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरु अबलम्वन गरिएको छ।

**क) दस्तावेज अध्ययनः** कार्यपालिकाबाट तोकिएका सदस्य तथा कर्मचारी र विज्ञ टोलीले नेपालको संविधान, १५औ पञ्चबर्षिय योजना, स्थानीय सरकार संचालन ऐनमा भएको *लैसअसास सम्बन्धी प्रावधानहरु, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु, लैङ्गिक समानता नीति २०७७, स्थानीय सरकारको समावेशीकरण नीति २०७८, +अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि ऐन २०७४ तथा यस संग सम्बन्धित दस्तावेजहरु, कर्णाली प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन, आदी अध्ययन गरियो।

**ख) मुख्य सरोकारवालाबाट जानकारी**ः गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा र न्यायिक समितिका साथै *लैसअसासको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुसंग अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरियो।

**ग) परामर्श कार्यशाला** ः गाउँपालिका अध्यक्ष, उपाध्यक्ष सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समुहका प्रतिनिधिहरुको उपस्थितिमा १ दिने *लैसअसासको बारेमा छलफल तथा *लैसअसासको पालिका र वडा स्तरीय कार्यान्वयन समिति गठन गरियो र पालिकाका सबै दस्तावेज *अध्ययन गरियो। २ दिने कार्यशाला गोष्ठीको आयोजना गरियो। उक्त कार्यशालामा समुहगत छलफलबाट गाउँपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरुको नक्साङ्कन गरी प्राथमिकीकरण गरियो।

**घ) लक्षित वर्ग केन्द्रित छलफलः** कार्यशाला गोष्ठीको छलफल र समुहगत कार्यबाट प्राथमिकिकरणमा परेका तीन वटा लक्षित समुहहरुसँग (अपाङ्गता भएका व्यक्ति, जनजाती र दलित महिला) छलफल गरियो। समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको बारेमा जानकारी संकलन गरियो।

**ङ) मस्यौदा प्रस्तुतिकरण बैठकः** माथि उल्लेख भए बमोजिमका विधिद्वारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो।

## १.४ *<u>लैसअसास</u> परिभाषा – मुख्य शव्दावलीहरु

क) **"गाउँपालिका"** भन्नाले तिला गाउँपालिकाका सम्झिनु पर्छ।

ख) **"लैङ्गिक समानता"** भन्नाले महिला, +<u>पुरुष र  यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय</u> बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

ग) +<u>**"अपांगता भएका व्यक्ति"** भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (Functional  Limitation) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ</u> ।

घ) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समुहहरुलाई विकास निर्माण र कार्यसम्पादन प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

ङ) ***"<u>लैसअसास</u>"** भन्नालै लैङ्गिक समानता, +<u>अपांगता</u> तथा सामाजिक समावेशीकरण बुझ्नुपर्दछ।

च) **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्बन्धि कार्यको लागि तयार गरिएको नगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, विषयगत क्षेत्रगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ।

छ) **“लैङ्गिक समानता, [+]अपाङ्गता तथा सामाजिक समावेशी बजेट”** भन्नाले महिला, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।

ज) **“गैरसरकारी संस्था”** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

झ) **“स्थानीयकरण”** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ।

ञ) **“बञ्चित समुह“** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, [+]अपांगता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्ति, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ।

ट) [*]**“सिमान्तकृत”** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति [*]सिमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

ठ) **“लैङ्गिक समता”** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक [+]समुदाय, अपांगता भएका व्यक्ति लगायत अन्य सबै लक्षित वर्गका व्यक्ति वा समूहलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ।

ड) **"लैङ्गिक समानता, [+]अपांगता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला, पुरुष [+]र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

ढ) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक [+]समुदाय तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू तथा पिछडा वर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

ण) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता, [+]अपांगता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

त) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र, तह र तप्कामा महिला, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति, तथा वञ्चितिमा परेका वर्ग [+]एवं लक्षित समूहहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

थ) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक [+]तथा

अपांगताको अवस्था विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

द) **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, *यौनिक तथा लैङ्गिक अल्पसंख्यक +समुदाय, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई बुझाउँदछ।

ध) **"लैङ्गिक +तथा अपांगता प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला, पुरुष र +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय तथा अपांगता भएका व्यक्ति कति लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

न) **"सशक्तीकरण"** भन्नाले विकासका अवसरहरुबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सबल बनाउने कार्यलाई सम्झनु पर्दछ।

## २. गाउँपालिकामा *लैसअसासको अवस्था र सन्दर्भ विश्लेषण

### २. १ गाउँपालिकाको *लैसअसासको अवस्था

तिला गाउँपालिकाले विगत वर्ष देखि नै समुदायमा पछाडी पारिएका वा परेका समुदायहरु जस्तै दलित, आदिवासी जनजाती, पिछडा वर्ग, सिमान्तकृत महिला, अपाङ्गता भएका व्यक्ति, *यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित महिलाहरु लगायतलाई विकासको समग्र प्रकृयामा मुलप्रवाहीकरण गर्ने प्रयास निरन्तर रहेको छ। तिला गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले *लैसअसासलाई *प्रबर्द्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गरेको छ। महिला, घरेलु तथा अन्य हिंसा न्यूनीकरण गर्न विशेष संरक्षणको आवश्यकता भएका, +अपांगता भएका व्यक्तिहरू, हिंसा पिडित महिलाको उद्धार र संरक्षण गरेको छ। वार्षिक योजना तथा बजेट विनियोजन गर्दा लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीको लागि छुट्टै शीर्षकमा बजेट विनियोजन गर्ने गरेको छ। साथै आर्थिक रुपले विपन्न लगायत नागरिकको संरक्षण, सशक्तीकरण, सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन्। +यसैगरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय

सम्बन्धि जानकारी (सचेतना) फैलाउन र समाजमा उनीहरूको सम्मानजनक समावेशीकरणको अवस्था सिर्जना गर्न यस गाउँपालिकाले भूमिका खेलीरहने प्रतिबद्धता व्यक्त गर्दछ ।

यस गाउँपालिमकामा महिलाको सामाजिक, आर्थिक तथा शारीरिक विकासको लागि नेतृत्व क्षमता विकास तालिम, कानूनी सचेतता कार्यक्रम, विविध दिवसहरु मनाउने गरेको छ। समुदाय स्तरमा गठन हुने समिति उपसमिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चितता गरिएको छ। प्रजनन स्वस्थ्य तथा पोषण कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् ।जातिय हिसाबले विविधता रहेको सबै आदिवासी जनजाति, दलित लगायत अन्य जातजातिको मौलिक संस्कृति र परम्परालाई संरक्षण गर्दै समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै आएको छ।

यस गाउँपालिका भित्र रहेका विपन्न तथा गरिब परिवारको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि गाउँपालिकाले विभिन्न सीप विकास तथा आयआर्जनका कार्यक्रमहरु गर्दै आएका छन्। महिला *उद्यमशिलता विकासको लागि सीपमूलक तालिम संचालन गरिएको छ। त्यस्तै जेष्ठ नागरिकको सम्मान र आवश्यक सहयोग कार्यक्रमहरु पनि गरिएको छ।

## २.२ *लक्षित वर्ग नक्साङ्कन

तिला गाउँपालिकाको प्रोफाईल अध्ययन, बस्तुस्थिति विश्लेषण, कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरु संगको अन्तरवार्ता, लक्षित समूहसंगको छलफल र अन्तरकृयावाट यस गाउँपालिकाको लक्षित समुदाय र लैससास सँग सम्वन्धित सवालहरु निम्न रहेका छन।

| **क.स** | **लक्षित वर्गको प्राथमिकिकरण** | **समस्या/ तथा सवाल** |
|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्ति क-४०, ख-१८४, ग-३६, घ-२६ | • अपाङ्गता मैत्री भौतीक संरचना नहुनु<br>• क्षमता अनुसारको रोजगारीका अवसरहरुको अभाव<br>• पूर्ण आपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाह तथा स्याहार गर्नुपर्ने हुँदा परिवारको सदस्य व्यस्त भइ आर्यआर्जन गर्न कठिनाई<br>• +सहज औषधोपचारको व्यवस्था नहुनु । |

| | | |
|---|---|---|
| | | • +<u>सरकारी तथा अन्य संरचना एवं सामाजिक जीवनमा अपांगता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता न्युन वा नहुनु</u> ।<br>• सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु |
| २ | आदिवासी महिला- ५ | • आयआर्जनको स्रोतमा न्युन पहुँच तथा नियन्त्रण<br>• घरेलु तथा लैङ्गिक हिंसा<br>• निर्णायक तहमा न्युन सहभागिता<br>• जनचेतनाको अभाव<br>• प्रजनन् स्वस्थ्यमा समस्या<br>• समाजिक विभेद |
| ३ | दलित समुदायका महिला | • पारिवारिक तथा समुदाय स्तरको निर्णायक तहमा न्युन सहभागिता<br>• घरेलु हिंसा<br>• शिक्षामा न्यून पहुँच<br>• बाल बिबाह, वहु विवाह, जनचेतनाको अभाव |
| ४ | दलित समुदाय | • आर्थिक अभाव, गरिबी<br>• स्रोत र साधनमा न्युन पहुँच<br>• निर्णय प्रकृयामा न्युन सहभागिता<br>• बेरोजगारी<br>• सुचनाको अभाव<br>• शिक्षमा न्यून पहुँच साथै बालबालिकामा बिद्यालय छोड्ने समस्या<br>• जनचेतनाको अभाव<br>• सामाजिक विभेद |
| ५ | बिपन्न बर्ग | • गरिव तथा आर्थिक अभाव<br>• बसाईको स्थायीत्व नहुने<br>• बालबालिका बिद्यालय जान बाट वञ्चित<br>• लैङ्गिक हिंसा<br>• बैदेशिक रोजगारी, पशुपालन, खेतबटाई<br>• सरसफाई तथा फोहोर मैला व्यवस्थापन |
| ६ | जेष्ठ नागरीक(४४६), एकल महिला र अशक्त | • पारिवारीक बोझको सामना<br>• स्वस्थ्य परिक्षणमा समस्या |

| | | |
|---|---|---|
| | | • एक्लोपन<br>• नैरास्यता |
| ८ | यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय - १ | • +सामाजिक पहिचानमा समस्या<br>• सामाजिक विभेद<br>• आर्थिक अभाव |

## २.३ सरोकारवालाहरुको विश्लेषण

*लैसअसासको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरू नै मुख्य सरोकारवाला हुन्। गाउँपालिकाका क्षेत्रमा *लैसअसास रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न निम्न बमोजिमका सरोकारवालाहरू रहेका छन् ।

| **क्र.स** | ***लैसअसासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला** | ***लैसअसास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य** |
|---|---|---|
| १ | तिला गाउँपलिका | • *लैसअसास सम्बन्धी नीति, रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने<br>• *लैसअसासको लागि आवश्यक बजेट बिनियोजन गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने |
| २ | *लैसअसास कार्यन्वयन समिति | • गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, योजना र अन्य प्रकाशित दस्तावेजमा *लैसअसासको विषयबस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्ने<br>• योजना तथा बजेट तर्जुमा गर्दा *लैसअसासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने<br>• *लैसअसास सम्बन्धी क्षमता अभिवृदि योजना तयार गरी लागु गराउने<br>• *लैसअसास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्न |

| | | |
|---|---|---|
| ३ | न्यायिक समिति | • गाउँपालिकाका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धीत निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने |
| ४ | महिल, बालबालिका तथा जेष्ठ नागरीक शाखा | • *लैसअसास सम्बन्धी बनेका +नीति, रणनीति, +निर्देशिका र कार्यविधिहरूको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br>• +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय सम्बन्धि सचेतना फैलाउन विद्यालय तह र समुदाय स्तरमा कार्यक्रम संचालन गर्ने ।<br>• +अपांगता भएका व्यक्तिहरूको क्षेत्रमा गरिएको बजेट विनियोजनको समय मै कार्यान्वयन गर्ने ।<br>• *लैसअसासको शीर्षकमा विनियोजन भएको बजेटको समयमा नै खर्च गर्ने<br>• *लैसअसासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राबधानहरु र प्रतिबद्दताहरुबारे कर्मचारी तथा पदाधिकारीहरुलाई सचेतिकरण गरी कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने । |
| ५ | वडा समिति | • वडातहको *लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>• योजना छनोट प्रकृयामा महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति एवं अन्य सबै लक्षित वर्गसँग छुट्टा छुट्टै छलफल गरी उनीहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्राथमिकिकरण गर्ने ।<br>• टोल स्तरमा *लैसअसास सम्बन्धी सचेतना कार्यक्रम गर्ने |
| ६ | इलाका प्रहरी कार्यालय | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरी पीडितलाई संरक्षण र दोषि उपर कार्वाही गर्ने |
| ७ | नागरीक समाज (बाल क्लव, युवा क्लब, आमा समुह, गैर सरकारी संघ संस्थाहरु) | • महिला, +बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरू लगायत अन्य सबै लक्षित वर्ग र बञ्चितिकरणमा परेका समूहका |

| | | |
|---|---|---|
| | | लागि सामाजिक परिचालनका क्रियाकलापहरुमा सहयोग गर्ने<br>• समावेशी सवालमा आवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने<br>• सामाजिक विभेद तथा कुरिती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने |
| ८ | सहकारी संघ संस्थाहरु | • महिला, +बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरू लगायत अन्य सबै लक्षित वर्ग तथा बञ्चितिकरणमा परेका समूहहरुका लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पुर्याउने<br>• महिला तथा विपन्न समूहको उद्यमशिलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने<br>• उद्यमशिलता विकासको लागि लगानी गरी उत्पादित वस्तुको बजारिकरणको व्यवस्था गर्ने |
| ९ | समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम गर्ने<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्द आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• सेवा प्रदायक निकाय, संघसंस्थाको व्यवहार, कार्यशैली एवं क्रियाकलापहरुको निगरानी गर्ने |
| १० | जिल्ला प्रहरी कार्यालय/ जिल्ला प्रशासन कार्यालय | • हिंसा पीडितको उजुरी लिने,<br>• पीडितको संरक्षण गर्ने,<br>• घटनाको अनुशन्धान गरी प्रमाणको आधारमा पीडक विरुद्ध अदालतमा मुद्धा दर्ता गर्ने । |
| ११ | जिल्ला अदालत | • हिंसा पीडितलाई न्याय दिने<br>• महिला, +बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरू लगायत अन्य सबै लक्षित वर्ग र बञ्चितिकरणमा परेका समूहहरु साथै नागरिक अधिकारको रक्षा गर्ने । |

## २.४ गाउँपालिकाको *लैसअसासको दृष्टिबाट सबल पक्ष र कमजोर पक्ष (आन्तरीक पाटो) तथा अवसर र चुनौती वा बाधा (बाहिय पाटो) को विश्लेषण र साराशंमा मुख्य पक्षहरुः

| सबल पक्षहरु | सुधार गर्नुपर्ने |
|---|---|
| १. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु प्रशस्त रुपमा समावेश भएको।<br>२. योजना, महिला बालबालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको।<br>३. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा *लैसअसासलाई सम्बोधन गरेको।<br>४. योजना तर्जुमा दिगदर्शन तयार भएको जसमा *लैसअसासका प्रावधानहरुलाई स्पस्टरुपमा समावेश गरिएको।<br>५. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको।<br>६. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको छ।<br>७. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ।<br>८. नीति कानून कार्यविधि निर्माण गर्न सक्षम जनशक्ति उपलव्ध भएको।<br>९. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको।<br>१०. महिला पुरुष एवम रैथाने तथा आप्रवासी कामदार तथा श्रमजिवी उपर ज्यालामा विभेद रोक्ने प्रावधान रहेको।<br>११. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा | १. लैंगिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण नीति तथा लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण गर्नु पर्ने +तथा आवश्यकता अनुसार अद्यावधिक गर्नुपर्ने ।<br>२. स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई *लैसअसासको पक्षबाट हेर्ने नगरेको तथा लैङ्गिक उत्तरदायी तथा समाजिक समावेशी बजेट निर्माण एवम परीक्षणलाई बजेट व्यवस्थान गर्नु पर्ने।<br>३. दीगो विकासको लक्ष्यका लक्ष्य नं १, +३, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन गर्नु पर्ने।<br>४. कुनै नीति, नियमावली, +निर्देशिका, कार्यविधि दिगदर्शन जारी गर्नुभन्दा अगाडी *लैसअसासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गर्नुपर्ने।<br>५. निश्चित प्रतिशत बजेट लक्षित वर्गमा विनियोजन तथा उपभोक्ता समितिहरुमा भएका छलफलमा *लैसअसासका विषयमा छलफल गरेको अभिलेख राखु पर्ने।<br>६. योजना तर्जुमा प्रकृयामा *लैसअसासको दृष्टिकोणबाट विश्लेषण भएको अभिलेख तथा महिला–पुरुष बिचको असमानता हटाउन, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको पहिचान बढाउन, अपांगता भएका व्यक्तिहरूले राज्यका कार्यमा अपनत्वको महसुश गर्ने वातावरण बनाउन तथा समाजिक समावेशीकरण |

| | |
|---|---|
| विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको।<br>१२. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।<br>१३. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह ) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।<br>१४. महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदी )<br>१५. उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका।<br>१६. निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको तथा बेरोजगार युवाहरुको पहिचान गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत रोजगारी उपलव्ध गराईएको।<br>१७. गाँउपालिकाको प्रत्येक वडाहरुमा महिला उद्यम केन्द्रको स्थापन गरी महिला उद्यमशिलतालाई प्रवर्द्धन गरिएको । | बढाउनको लागि निश्चित कार्यनीति बनाउनु पर्ने।<br>७. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु तथा स्थानीय तहका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण गर्नु पर्ने +तथा कार्यालय समयमा महिला कर्मचारीहरूको लागि स्तनपान कक्ष स्थापना गरी बालअधिकार सुनिश्चित गर्नुपर्ने ।<br>८. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धता, +अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि ऐन २०७४ र महासन्धि एवं अपांगता सम्बन्धि राज्यले तर्जुमा गरेका अन्य दस्तावेजका बारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिबद्धता कार्यान्वयनका लागि बजेट विनियोजन गर्नुपर्ने ।<br>९. गर्भवती महिलालाई जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तथा भौतिक पूर्वाधारका नक्सा (Drawing) डिजाइनहरु *लैसअसासमैत्री +(अपांगतामैत्री) भएपनि सो अनुसार निर्माण गर्नु पर्ने।<br>१०. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था गर्नु पर्ने।<br>११. *लैसअसास सम्बन्धी सरोकारवाला निकायबीच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण गर्नुपर्ने।<br>१२. योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा *लैसअसासका दृष्टिकोणका आधारमा गर्नु पर्ने।<br>१३. सामाजिक संजालमा लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, |

| | |
|---|---|
| | समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन गर्नुपर्ने। |
| **अवसरहरु** | **चुनौतीहरु** |
| १. विभिन्न जातजाती, समुदाय बिच सामाजिक र साँस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातारण रहेको।<br>२. गाउँपालिकालाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानून सँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार।<br>३. *लैसअसासलाई प्रबर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु।<br>४. गाँउपालिकाको बजेट सिमा निर्धारण समितिलाई *लैसअसासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु।<br>५. आवश्यक पर्ने कानून नीति नियम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध हुनु तथा विभिन्न गैर सरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा स्थानीय तह हुनु।<br>६. महिला, +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, र अपांगता भएका तथा अन्य सबै लक्षित वर्गका विभिन्न समूहरु क्रियाशिल हुनु। *(जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह संचालनका बारेमा गतिविधि हुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गवाटै संचालन गर्न सकिने।* | १. छुवाछूत, लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कु-मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटिलता तथा मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकीकरण नीति बनाउन कठिन।<br>२. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीबी मापनका सुचकहरु निर्माण गर्न तथा विशेष गरि +अपांगता भएका व्यक्तिहरू र महिलाद्वारा सम्पादित घरभित्रको बिना पारिश्रमिकको कामको मूल्याङ्कन गर्न।<br>३. लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन नियम, कानून र कार्यविधिहरू कार्यान्वन गर्न।<br>४. समाजमा जरा गाडेर बसेको सामाजिक कुरीतिहरु (जातीगत छुवाछूत, बोक्सीको आरोप, घरेलु हिंसा तथा छुइ) को अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न। +साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका बारेमा गाउँपालिका क्षेत्रमा प्रर्याप्त मात्रामा जानकारीमूलक एवं सचेतनामूलक कार्यक्रम संचालन हुन नसक्नु ।<br>५. मोबाइलको दुरुपयोग र बालबालिकाको उमेरमा नै व्यापक प्रयोगले बालविवाह अवैध बच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता संभावना बढ्दै गएको। |

| | |
|---|---|
| ७. स्थानीय तहका सबै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनका लागि लैङ्गिक हिंसा न्यूनीकरण आचार संहिता निर्माण गर्न गैससले सहयोग गरिरहेको हुनु।<br>८. संघीय सरकार तथा प्रदेश सरकारसँग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु। (आवश्यक योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)<br>९. जनप्रतिनिधिहरु तथा कर्मचारीहरु *लैसअसास सहित अन्य विभिन्न विषयको श्रोत व्यक्ति हुनु। (क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने)<br>१०.बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गता मैत्री जस्ता विकास मोडलका विषय विज्ञहरु हुनु तथा लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा गर्ने प्रतिबद्धता सहितको बृहत आवधिक योजना तयार भएको।<br>११.अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा प्रतिबद्धताहरु लाई स्थानीयकरण गर्न गैससले प्राविधिक सहयोग पुऱ्याएको तथा अनुगमन मूल्याङ्कनमा *लैसअसास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु।<br>१२.गाउँपालिकालाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानूनसँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार<br>१३.*लैसअसासलाई प्रबर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु<br>१४.गाँउपालिकाको बजेट सिमा निर्धारण समितिलाई *लैसअसासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु। | ६. कृषि प्रति युवालाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न।<br>७. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न तथान कानुनी ज्ञान, आवश्यक नीति नियम आदीको अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारीरुमा कार्यान्वयन गर्न।<br>८. गाउँपालिकाको सम्पूर्ण संरचनागत प्रणालीमा सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायका *साथै अपांगता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु।<br>९. ऐन, नीति तथा कानूनको व्यवहारिक कार्यान्वयन हुँदा यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तन नहुनु। |

## २.५ गाउँपालिका र वडागत रुपमा *लैसअसासमा प्रमुख समस्या तथा सवालहरु

१. लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, कार्यविधि तथा रणनीति नहुनु।

२. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा पदाधिकारीहरु *लैसअसास प्रति कम संवेदनशील रहनु।

३. गाउँपालिकाको नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका प्रतिनिधि, अपांगता भएका व्यक्ति लगायत अन्य सबै लक्षित वर्गको कम पहुँच रहनु।

४. गाउँपालिकाको सेवा प्रवाह संयन्त्र र प्रकृया *लैसअसासमैत्री नहुनु।

५. गाउँपालिकाको योजना तर्जुमा प्रकृयामा महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका प्रतिनिधि, अपांगता भएका व्यक्ति लगायत अन्य सबै लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु।

६. दलित महिला, +अपांगता भएका महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा कमी, आर्थिक अभाव, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु।

७. लैङ्गिक +तथा अपांगता मैत्री उत्तरदायी बजेट विनियोजन तथा नियमित रुपमा +लैसअसास परिक्षण नहुनु।

८. गाउँपालिकाको *लैसअसास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्कको संकलन र अद्यावधिकको अभाव हुनु।

९. गाउँपालिका तथा समुदाय स्तरको निर्णायक तहमा महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गको न्युन पहँच हुनु वा नहुनु।

## २.६ गाउँपालिकाको *लैसअसास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु

क) नीति कानून तथा योजना ।

ख) संस्थागत संरचना।

ग) मानव संसाधन तथा क्षमता विकास।

घ) सेवा प्रवाह।

ङ) सुशासन तथा उत्तरदायित्व।

तिला गाउँपालिका

च) लैङ्गिक विभेद तथा हिंसा।

छ) महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरू तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण।

ज) +अपांगतामैत्री पूर्वाधार विकास

झ) प्रजनन् स्वास्थ्य

ञ) शिक्षा कार्यक्रम

ट) खानेपानी र सरसफाई

ठ) उत्तरदायित्व र जवाफदेहिता

ड) सुचना तथा संचार

ढ) अनुगमन तथा मूल्यांकन

ण) समन्वय र सम्बन्ध विस्तार

त) विपद जोखिम न्यूनिकरण

## ३. *तिला गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु

### क दीर्घकालिन सोचः

"लैङ्गिक +तथा अपांगतामैत्री, समावेशी र न्यायपुर्ण समाजको निर्माण"

### ख ध्येयः

न्यायोचित अवसर प्रदान गरी सबै पक्षलाई मुल प्रवाहिकरणमा समावेश गर्नू ।

### ग लक्ष्यः

लैङ्गिक, +अपांगता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गर्दै संस्थागत सुदृढीकरण गर्ने।

### घ उद्देश्यहरुः

१. तिला गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट *लैसअसास मैत्री बनाउने।

२. महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरू तथा बञ्चितिकरणमा परेका वर्गको आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि नीतिगत एवम् संरचनात्मक सुधार गर्ने ।

तिला गाउँपालिका

३. महिला, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरू तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने।

४. महिला, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरू तथा लक्षित वर्ग र सिमान्कृत समुहलाइ सशक्तिकरण गरि पालिका तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने।

५. योजना तर्जुमाका सबै चरणमा [*]लैसअसास दृष्टिकोणबाट अनुगमन र मूल्यांकन गर्ने र यसलाइ संस्थागत गर्दै लैजाने।

६. गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने।

७. पालिकामा संस्थागत तहमा समावेशी बनाउनको लागि कार्यपालिका तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

८. ज्येष्ठ नागरिक, [+]महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा तथा बालबालिकाहरूको अनुभव, सिप, क्षमता र सिर्जनशीलताको उपयोग गर्दै गाउँपालिकाको विकासमा उनीहरूको भूमिका अभिवृद्धि गरी लाभमा सुनिश्चितता गर्ने।

९. दिगो विकास र आर्थिक समृद्धिको लागि महिला, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने।

१०. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय र सङ्घीय तथा प्रदेश सरकारको [*]लैसअसास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु अनुरुपको दायित्व पुरा गर्ने।

## ४ . रणनीतिको औचित्य वा आवश्यकता

तिला गाउँपालिकाले महिला हिंसा तथा अन्य विभिन्न प्रकारको हिंसा न्यूनीकरण, सामाजिक कुसंस्कार बिरुद्द जनचेतनामुलक कार्यक्रम तथा महिला, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा पिछडीएका वर्गको सशक्तिकरणको लागि निरन्तर रुपमा आफ्नो नीति, योजना तथा कार्यक्रममा [*]लैसअसासको

अवधारणा अनुसार कार्यक्रमहरु गर्दै आएको छ तथापी यसलाई थप नतिजामुखी र व्यवस्थित गर्नुपर्ने आवश्यकता छ। समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समतामूलक, समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्न गाउँपालिकाको नीति निर्माण, बजेट तर्जुमा र संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता, [+]अपांगता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक छ। लैङ्गिक समानता, [+]अपांगता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न [*]लैसअसास रणनीति मार्गदर्शन हुनेछ।

## ५. रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्दान्तहरु

देहायका सिद्धान्तका आधारमा [*]लैसअसास रणनीतिक योजना तर्जुमा गरिएको छ।

१. विभेदरहित (**Non discrimination**)ः यो रणनीति कार्यान्वयनका सिलशिलामा महिला, पुरुष, [*]यौनिक तथा लैङ्गिक अल्पसंख्यक [+]समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन।

२. सारभूत समानता (**Substantive equality**)ः यो रणनीतिले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ।

३. कोही पछाडि नछुटुन् (**Leave no one behind**)ः यस रणनीतिले दिगो विकास लक्ष्य अनुसार कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्बन गरेको छ।

४. प्रभावकारी सहभागिता (**Meaningful Participation**)ः यो रणनीतिले गाउँपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जातजाती, [+]अपांगता, क्षेत्र तथा समुदायको समावेशी समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

५. उत्तरदायित्व तथा जवाफदेहिता: यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ।

६. साझेदारीता र सहकार्यः यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि [*]लैसअसास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ।

७. शून्य सहनशीलता (**Zero Tolerance)**: यो रणनीतिले गाउँपालिका भित्र हुने लैङ्गिक, +अपांगता तथा सबै प्रकारका विभेद र हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ।

८. कसैलाई पनि हानी नपुर्याउने (**Do No Harm)**: यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्बन गरेको छ।

## ६. *लैसअसास मूलप्रवाहिकरणको रणनीतिहरु

तिला गाउँपालिकाले माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशी पद्दती स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामुलक ढंगले समानुपतिक विकास गर्ने देहाय बमोजिमको *लैसअसास मुलप्रवाहीकरण रणनीतिहरु अवलम्बन गरिने छ।

१. गाउँपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानून, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुको पुनरावलोकन गरी *लैसअसास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ।

२. गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका प्रतिनिधि, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न लक्षित समुदायको क्षमता विकास गरिने छ।

३. गाउँपालिकाको योजना तर्जुमाका सबै चरणहरुमा महिला, विपन्न, यौनिक तथा लैंगिक अल्पसंख्यक +समुदाय, +अपांगता भएका व्यक्ति, लगायत उत्पीडनमा परेका व्यक्ति तथा समूहहरुलाइ अर्थपूर्ण सहभिगता सुनिश्चित गरिने छ।

४. लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशी परीक्षण र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा पिछडिएका वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।

५. गाउँपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गलाई समान अवसर सिर्जना गर्ने, लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका साथै विकासको समान प्रतिफल र लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गरिने छ।

६. गाउँपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई *लैसअसासमैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक समाजका सङ्गठनहरूको *लैसअसास सम्बन्धमा क्षमता अभिवृद्धि गरिने छ।

७. गाउँपालिकाको नीति तथा कार्यक्रम मार्फत महिला, एकल महिला, *यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका प्रतिनिधि, अपांगता भएका महिला, गर्भवती तथा सुत्केरी महिला, घरेलु तथा सामाजिक हिंसा पिडीत महिला, किशोरी, बालबालिका, अपांगता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, दलित, विपन्न, यौनिक तथा लैगिक अल्पसंख्यकहरुको सामाजिक सशक्तिकरण गर्न तथा जिविकोपार्जन सशक्तिकरण गर्न निर्दिष्ट कार्यक्रमहरु तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयनको लागि यथेष्ट बजेट विनियोजन गरिने छ।

८. गाउँपालिका भित्र हुने सबै प्रकारका लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूती हुने गरी असल र सभ्य समाजको निर्माण गर्न विभन्न उपायहरु अवलम्वन गरिने छ।

## ७. *लैसअसास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु (कति पटक वा कतिवटा) | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|
| *लैसअसासको अवधारणा हासिल गर्न गाउँपालिकामा तर्जुमा भएका नीति,कानून, निर्देशिका, आवधिक योजना, तथा मापदण्डहरुको पुनरावलोकन, संशोधनका साथै | • *लैसअसासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावाली, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने. | आ.व ०७९/०८० सम्म | गाउँपालिकाको सबैको लागि | *लैसअसास कार्यान्वयन समिति |
| | • ऐन, कानून, नीति, कार्यविधिको मस्यौदा तयार गर्न कार्यटोली गठन गरी क्षमता विकास गर्ने | आ.व ०७९/०८० | पदाधिकारी तथा कर्मचारी | *लैसअसास कार्यान्वयन समिति |
| | • गाउँपालिकाको विद्यमान ऐन, नीति, कार्यविधि, आवधिक | आ.व २०७९/८० | गाउँपालिकाको सबैको लागि | *लैसअसास कार्यान्वयन समिति |

| | | | | |
|---|---|---|---|---|
| *लैसअसास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ। | योजना तथा मापदण्डहरुको *लैसअसास दृष्टिकोणले पुनरावलोकन र आवश्यकता अनुरुप संशोधन गर्ने। | बाट सुरुवात गर्ने | | |
| | • गाउँपालिकाले *लैसअसास कार्यान्वयन समिति तथा वडा तहमा वडा स्तरीय समिति गठन गरी ती समितिहरुको जिम्मेवारी तथा अधिकारहरु स्पष्टसंग निर्क्योल गरी परिचालन गरिने छ। | आ.व ०८०/०८१ | गाउँपालिकाको सबैको लागि | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • गाउँपालिकामा कुनै पनि ऐन, नीति, निर्देशिका, कार्यविधि संकलन गर्दा महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गको सुझाव संकलन गर्न व्यवस्था गर्ने । | आ.व ०७९/०८० देखि | गाउँपालिका सबै | *लैसअसास कार्यान्वयन समिति |
| | • महिला, बालबालिका +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट विनियोन गर्ने। | आ.व ०८०/०८१ देखि निरन्तर | महिला, +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्ग र पिछडीएका वर्गका लागि | बजेट सिमा निर्धारण समिति |
| | • गाउँपालिकालेले तयार गर्ने नीति, कानून, योजना तथा बजेटमा महिला, +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक | आ.व ०८१/०८२ देखि निरन्तर | महिला, +बालबालिका, यौनिक तथा लैङ्गिक | *लैसअसास कार्यान्वयन समिति |

| | | | | |
|---|---|---|---|---|
| | समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गको आवश्कता पहिचान गरी ती आवश्यकताहरुलाई सुनिश्चितताका साथ सम्बोधन गरिने छ। | | अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्ग | |
| गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न सो वर्गको क्षमता विकास गरिने छ। | • आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक समानता, +अपांगता तथा समावेशी विकासका लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गर्ने। | आ.ब २०८०/८१ देखि | महिला +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्ग | योजना शाखा र महिला/ बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • महिला, +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गलाई आफ्नो हक अधिकार, पैरवी तथा नेतृत्व विकास सम्बन्धी तालिम दिने। | २०८०/८१ देखी निरन्तर | महिला +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /प्रशासन शाखा |
| | • बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पुर्व समुदायका महिला, बालबालिका, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, जनजाति, पिछडावर्ग, दलित लगायत +अन्य सबै लक्षित वर्ग र समुदायसँग छुट्टाछुट्टै छलफल गरी आवश्यकता पहिचानको आधारमा योजना छनौट गर्ने। | आ.ब २०७९/८० देखी निरन्तर | महिला, +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /योजना शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • गाउँपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता गराई लक्षित समुहले छनौट गरेका योजनालाई प्राथमिकतामा राख्ने। | आ.ब २०८०/८१ देखी निरन्तर | महिला, [+]बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /योजना शाखा |
| | • गाउँपालिकास्तर, वडा स्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरुमा महिला, [+]बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित समुदायको ४०% प्रतिनिधित्व हुने व्यवस्था गर्ने। | आ.व २०८२/८३ देखी निरन्तर | महिला [+]बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला, [+]बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गका प्रतिनिधिलाई योजना व्यवस्थापन तथा वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने। | आ.व ०८३/०८४ देखि | महिला [+]बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गका प्रतिनिधीहरु | योजना शाखा/ प्रशासन शाखा |
| | • [*]लैसअसासको विषयलाई अगुवाई गर्न र सम्पर्क व्यक्तिको रुपमा काम गर्न [*]लैसअसासको स्रोत व्यक्तिहरु विकास गर्दै जाने। | आ.व ०७९/०८० देखि | गाउँपालिकाका सबै | प्रशासन शाखा महिला/ बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • +लैसअसास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्क तयार गर्ने र नियमित अध्यावधिक गर्ने। | आ.व २०८२/८३ सम्म | गाउँपालिका सबै | प्रशासन शाखा/ पञ्जिकरण शाखा |
| | • गाउँपालिकामा कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग, समुदाय, +अपांगता भएका व्यक्ति लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने कर्मचारी भर्ना नियमावली तयार गरी कार्यान्वयन गर्ने। | आ.व २०८१/८२ सम्म | महिला, +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै पिछाडिएका वर्ग | प्रशासन शाखा |
| | • गाउँपालिकाको योजना तर्जुमा तथा छनोट भएका योजनाको जानकारी +सबै लक्षित वर्ग सम्म पुर्याउन स्थानीय सञ्चारका माध्यमबाट सम्प्रेषण गर्ने। | निरन्तर | महिला, +बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै पिछडिएका वर्ग | सुचना प्रबिधि शाखा |
| लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशी परीक्षण र लैङ्गिक उत्तदायी बजेट मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा | • गाउँपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण कार्यविधि वनाई कार्यन्वयन गर्ने | आ.व २०८०/८१ | महिला, +बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै पिछडिएका वर्ग | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| महिला, +बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक | • अघिल्लो आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई चालु आ.ब पहिलो चौमासीक भित्रमा | आ.व २०८०/८१ देखी निरन्तर | गाउँपालिका सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| | | | | |
|---|---|---|---|---|
| समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै तथा पिछडीएका वर्गको अर्थपूर्ण सहभागिता सुनुश्चित गरिनेछ | [+]लैसअसास दृष्टिकोणले परीक्षण गरिने छ। | | | |
| | • लैङ्गिक उत्तरदायी बजेट तथा योजनालाई [+]गाउँपालिकाले आन्तरिकिकरण गरी यसको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गर्ने। | आ.व २०८०/८१ देखी निरन्तर | गाउँपालिका सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • गाउँपालिकाको योजना शाखाका कर्मचारी तथा [+]लैसअसास क्षेत्रका सरोकारवालाई लैङ्गिक उत्तरदायी योजना छनौट तथा बजेट कार्यान्वयन विधि सम्बन्धी क्षमता विकास गरिने छ। | आ.व २०७९/८० देखी निरन्तर | गाउँपालिका सबै | प्रशासन शाखा |
| दिगो विकास र आर्थिक समृद्दिको लागि महिला, [+]बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भुमिका बृद्दि साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चित गर्न आर्थिक सशक्तिकरणका गतिविधिहरु संचालन गरिने छ | • गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवार, बेरोजगार युवा, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्ति, वैदेशीक रोजगारीबाट फर्किएका पुरुष तथा महिलाको पहिचान गर्ने। | आ.व २०८१/८२ | विपन्न तथा गरिव परिवार | पंजीकरण शाखा |
| | • लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, दलित तथा बिपन्न परिवारका परम्परागत सीप, व्यवहारीक सीप र क्षमताको अध्ययन तथा पहिचान गर्ने। | आ.व २०८३/८४ | पिछडिएका समुदायका महिला, [+]बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा गाउँपालिकाको प्राथमिकीकरणमा | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| | | | | |
|---|---|---|---|---|
| | | | परेका लक्षित वर्ग सबै | |
| | • महिला, [+]बालबालिका, युवा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सीप विकास, नेतृत्व विकास, उद्यमशिलता विकास तालिम, बैङ्किङ तथा वित्तिय कारोवार सम्बन्धी शिक्षा साथै आधारभुत कानूनी क्षमता विकास गर्ने। | आ.व २०८०/८१ देखी निरन्तर | पिछडिएका समुदायका महिला तथा गाउँपालिकाको प्रथमिकिकरणमा परेका लक्षित वर्ग सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • उद्यमशिलता तथा व्यवसाय संचालन गर्न आवश्यक रकम अनुदान तथा सहुलियत ऋण सहयोग गर्ने व्यवस्था गर्ने। | आ.व २०८४/८५ | पिछडिएका समुदायका महिला, [+]बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा गाउँपालिकाको प्राथमिकीकरणमा परेका लक्षित वर्ग सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • गाउँपालिकाको योजनामा महिला, [+]यौनिक तथा लैङ्गिक अल्पसंख्यक समदाय र अपांगता उद्यमशिलता तथा लक्षित वर्गको व्यवसाय प्रवर्द्धन गर्ने खालका | आ.व २०७९/८० | पिछडिएका समुदायका महिला, [+]बालबालिका, युवा, यौनिक तथा लैङ्गिक | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /योजना शाखा |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम तथा आवश्यक बजेटको विनियोजन गर्ने। | | अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा गाउँपालिकाको प्रथमिकिकरणमा परेका लक्षित वर्ग सबै | |
| | • व्यवसायमा जोखिम न्यूनीकरणको लागि बिमा व्यवस्थालाई अनिवार्य लागु गर्ने। | आ.व २०८०/८१ देखी | पिछडिएका समुदायका महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा गाउँपालिकाको प्राथमिकीकरणमा परेका लक्षित वर्ग सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • व्यवसाय संचालन गर्ने लक्षित समुदायका महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवारको समुह तथा संजाल गठन गरी आफ्नो हक र आधिकरको लागि सरोकारवाला संग पैरवी गर्न क्षमता विकास गर्ने। | आ.ब ०८१/०८२ | व्यवसाय गर्ने सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • सिमान्तकृत समुदाय तथा बिपन्न परिवारका बालबालिका, +अपांगता भएका बालबालिकालाई प्राविधिक | आ.ब २०७९/८० | विपन्न तथा पिछडीएका समुदायका महिला +तथा | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /प्रशासन शाखा |

| | | | | |
|---|---|---|---|---|
| | शिक्षा अध्ययनको लागि छात्रवृत्ति कार्यक्रम संचालन गर्ने | | अपांगता भएका महिला | |
| गाउँपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कनलाई [*]लैसअसास मैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक समाजहरुको लैङ्गिक समानता, [+]अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्धी गरिने छ। | • गाउँपालिकाले लैङ्गिक, [+]अपांगतामैत्री तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी छुट्टै शिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने। | आ.व २०७९/८० | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | प्रशासन शाखा |
| | • गाउँपालिका स्तरमा [*]लैसअसास सम्बन्धी मास्टर प्रशिक्षक उत्पादन गरि परिचालन गर्ने। | आ.व २०८१/८२ सम्म | महिला तथा बालबालिका शाखाको कर्मचारी | प्रशासन शाखा |
| | • कार्यालयमा हुन सक्ने विभेदपूर्ण व्यवहार, भाषाको प्रयोग र कार्यलयमा हुनसक्ने हिंसा नियन्त्रणको लागि शुन्य सहनशिलताको नीति बनाउने [+]तथा अपांगतामैत्री सेवा प्रदान गर्न संकेत कार्डहरू राख्ने । | आ.व २०७९/८० | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • कम अवसरको प्राप्ति र न्यून अनुभवको आधारमा महिला, [+]बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गको प्रतिनिधित्व गर्ने पदाधिकारीलाई क्षमता विकासको लागि प्राथमिकतामा राख्ने। | आ.व २०७९-८० | महिला, [+]बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति तथा अन्य सबै लक्षित वर्गका प्रतिनिधिहरु | प्रशासन शाखा |
| | • कर्मचारी पदाधिकारी तथा सरोकारवालालाई दिगो विकास लक्ष्य, बेईजिङ घोषणा पत्र, [+]बालअधिकार सम्बन्धि महासन्धी १९७९, अपांगता | आ.व २०८०/८१ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधिकारी | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| | | | | |
|---|---|---|---|---|
| | भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि २००६ साथै *लैसअसास सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्दताहरु सम्बन्धी क्षमता विकास गरी त्यसको आधारमा कार्यक्रम गर्ने। | | | |
| | • लैङ्गिक समानता, +अपांगता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरी संजालका प्रतिनिधिहरूलाई लैङ्गिक, +अपांगता तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने। | आ.व २०८०/८१ | गाउँपालिकाका सबै सरोकारवाला | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • गाउँपालिकाको अनुगमन समितिले लैङ्गिक समानता, +अपांगता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, प्रभाव र असरको विश्लेषण गर्ने। | आ.व २०८४/८५ | अनुगमन समिति | प्रशासन शाखा/ योजना शाखा |
| | • गाउँपालिकामा गठन हुने बालक्लव, +युवाक्लब, अपांगता भएका व्यक्तिहरूका समूह, संजाल, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका संजाल लगायत आमा समुह, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई *लैसअसास सम्बन्धी अभिमुखिकरण गर्ने। | आ.व २०७९/८० | महिला, बालक्लब, युवाक्लब, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरूका समूह वा | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| | | | | |
|---|---|---|---|---|
| | | | संजालका प्रतिनिधिहरु | |
| गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु- संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने सभ्य समाजको निर्माण गर्ने | • गाउँपालिका भित्रका सबै वडाका बिभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक विभेदको अवस्था, परिमाण र समाधानका उपायहरु बारे सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने। | आ.व २०८०/८१ सम्म | गाउँपालिका सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • गाउँपालिकाको पदाधिकारी/कमर्चारीलाई लैङ्गिक, +अपांगता तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम दिने र तालिम कार्यकममा लक्षित समूह, +अपांगता भएका व्यक्तिका प्रतिनिधि, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका प्रतिनिधि तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने। | आ.व ०८०/०८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • गाउँपालिका भित्रका सबै सरकारी कार्यलयहरुमा *लैसअसास सम्पर्क व्यक्ति तोक्ने। | आ.व २०८०/८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • गाउँपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्दारा लैङ्गिक हिंसा, घरेलु हिंसा तथा सामाजिक कुरीति उन्मुलन +एवं अपांगतालाइ सम्बोधन गर्ने भाषा सचेतना सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्नेछ। | निरन्तर | समुदायका सबै | सुचना शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • गाउँपालिका भित्र कुन वर्ग, लिङ्ग समुदायका व्यक्तिहरु लैङ्गिक, +अपांगता र अन्य स्वरूपका विभेदको जोखिममा छन् सोको अध्ययन गरी स्थिति विश्लेषण गर्ने। | आ.व २०८०/८१ सम्म | हिंसा पिडित सबै | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /वडा समिति |
| | • सबै वडाहरुमा हानिकारक सामाजिक कुसंस्कारले पारेको असर र प्रभावका बारेमा पदाधिकारी, *लैसअसास क्षेत्रमा कार्यरत समूह, सञ्जाल र संयन्त्रसँग समय समयमा समिक्षा गर्ने। | आ.व २०८१/८२ सम्म | हिंसा पीडित महिला तथा समुह | वडा समिति |
| | • समुदाय तह देखि महिला +तथा लैंगिक हिंसा बिरुद्दको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने, कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा र सबैको पहुँचमा हुनेगरी प्रवाह गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समूह | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा /सुचना शाखा, नगर प्रहरी |
| | • हिसां मुक्त गाउँपालिका र वडा घोषणा गर्न सुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। | आ.व २०८०/८१ | नगरपालिका सबै | +लैसअसास कार्यान्वयन समिति/प्रशासन शाखा |
| | • समाजमा विद्यमान हानिकारक सामाजिक मुल्य मान्यता, सोंच र व्यवहार परिवर्तन गर्न रणनैतिक योजना तथा कार्यक्रम तयार गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |
| | • गाउँपालिकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा क्लव, बाल क्लव, +अपांगता समुह/सञ्जाल तथा निगरानी समुहहरुको गठन तथा | निरन्तर | हिंसा पीडित महिला, +यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय र | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखा |

| | | | | |
|---|---|---|---|---|
| | परिचालन गरी लैङ्गिक विभेद तथा हिंसा नियन्त्रणका लागि सो संघसस्थाहरु संग सहकार्य समन्वय गर्ने। | | अपांगता भएका व्यक्ति तथा समुह | |
| | • लैङ्गिक हिंसामुक्त गाउँपालिका घोषणा गर्ने। | आ.व २०८४/८५ सम्म | गाउँपालिका सबै | गाउँसभा |

## ८ . *लैसअसास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था

*लैसअसास मुलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु व्यवस्था गरिने छ।

### ८.१. गाउँपालिकाकास्तरीय *लैसअसास कार्यान्वयन समितिको गठन.

गाउपालिकास्तरीय *लैसअसास कार्यान्वयन समितिको गठन यस प्रकार छ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

ङ) कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना - सदस्य

च) सामुदायिक सङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका *१ जना - सदस्य

छ) +अपांगता भएका व्यक्तिका संघ संस्था वा सञ्जालका प्रतिनिधिहरू मध्येबाट संयोजकले तोकेका १ जना - सदस्य

ज) *लैसअसास हेर्ने शाखा प्रमुख - सदस्य सचिव

समितिका पदाधिकारी तथा सदस्यहरु ९ देखि १३ जना सम्म रहन सक्नेछन्।

## ८.२. वडास्तरमा *लैसअसास कार्यान्वयन समिति गठन

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको *लैसअसास कार्यान्वयन समिति गठन गरिएको छ। सो समिति मार्फत *लैसअसास सम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुर्याइने छ।

| | | |
|---|---|---|
| क) | वडा अध्यक्ष | -संयोजक |
| ख) | वडा सदस्य (महिला र दलित महिला सहित) | -३ जना सदस्य |
| ग) | वडा सचिव | - सदस्य सचिव |
| घ) | अतिथिः सङ्घसंस्थाबाट आवश्यकता अनुसार | - १ जना सदस्य |
| ङ) | +आमन्त्रितः अपांगता भएका व्यक्तिहरूमध्येबाट आवश्यकता अनुसार | - १ जना सदस्य |

## ८.३. *लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

*लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) *लैसअसास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने।

ख) गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा *लैसअसासको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने।

ग) *लैसअसास रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।

घ) योजना तथा बजेट तर्जुमा गर्दा *लैसअसासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने।

ङ) *लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने।

च) *लैसअसास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी *लैसअसास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने।

छ) *लैसअसास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने।

ज)	उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

## ८.४. वडास्तरको *लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

वडास्तरको *लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क)	तिला गाउँपालिकाको *लैसअसास समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी *लैसअसास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने।

ख)	गाउँपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, महिलाहरु, *यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्तिहरूका प्रतिनिधिहरूलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने।

ग)	गाउँपालिकाको वडातहको लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने।

घ)	गाउँपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला, *यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपांगता भएका व्यक्ति, अन्य सबै लक्षित वर्ग र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने।

ङ)	गाउँपालिकाको वडा स्तरमा *लैसअसास सम्बन्धि क्षमता विकासको योजना तयार गरी *लैसअसास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने।

च)	उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

## ८.५. बैठक, कार्यविधि र सेवासुविधा

क)	गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा बस्ने छ तर अवश्यकता परेमा जहिले पनि बस्न सक्ने छ।

ख)	वडा स्तरीय समितिको बैठक प्रत्येक २ महिनामा बस्ने छ।

ग) समिति र उपसमितिका बैठकहरूको कार्यविधि गाउँपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ।

घ) सेवा सुविधा गाउँपालिकाको नियम बमोजिम हुनेछ।

### ८.६ सम्पर्क व्यक्ति

गाउँपालिकालेले *लैसअसासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी *लैसअसासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउनेछ।

## ९. *लैसअसास रणनीति कार्यान्वयनको लागि वित्त व्यवस्थापन

### ९.१ आर्थिक स्रोत

*लैसअसास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु *तिला गाउँपालिकाको प्रमुख दायित्व हुनेछ। गाउँपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा नै *लैसअसासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ। यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, *लैसअसास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी गाउँपालिकालेले प्रत्येक आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमका बेला यस शीर्षकमा आवश्यक बजेट विनियोजन गर्ने छ। *लैसअसास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ। *लैसअसास मुल प्रवाहिकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गनुपर्छ।

- ✓ लक्षित वर्गको विकासको लागि निश्चित प्रतिशत बजेट विनियोजन गनुपर्छ.
- ✓ उपभोक्ता समिति मार्फत बजेट विनियोजन गरि भौतिक पुर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिनु पर्छ.
- ✓ पालिकामा सञ्चालन भएका विभिन्न गैर सरकारी संस्थाहरुको कार्यक्रम र बजेटलाई पालिकाको कार्यक्रम र बजेटमा समेत समावेश गरिनुपर्छ.
- ✓ लैङ्गिक *उत्तरदायी बजेट कार्यान्वयन गरि महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिनुपर्छ.
- ✓ स्थानिय स्तरमा कार्यरत लघुवित्त मार्फत लक्षित वर्गलाइ सहुलितदरमा ऋण उपलब्ध गराउन आवश्यक समन्वय गरिनुपर्छ.
- ✓ संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरि अधिकतम श्रोत ल्याउनु पर्छ.
- ✓ सरकारी तथा अन्तराष्ट्रिय *गैर सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने.

तिला गाउँपालिका

✓ सार्वजनिक दायित्व अनुसार निजि क्षेत्रहरुसँग पनि आवश्यक समन्वय गरि वित्तको व्यवस्थापन गर्न सकिन्छ।

## ९.२ मानवीय स्रोत

*लैसअसास मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार गाउँपालिका स्तरीय *लैसअसास कार्यान्वयन समिति रहने।यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ। विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन *पालिका स्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ। गाउँपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ। *लैसअसास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका शाखाले जिम्मेवारी निर्वाह गर्नेछ।

## १०. रणनीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्था

यो रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ।

- गाउँपालिका स्तरिय *लैसअसास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिने छ।
- अनुगमन समितिमा *लैसअसास सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ।
- *लैसअसास रणनीतिले लिएको ध्येय, लक्ष्य, उदेश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरु निर्धारण गरी अनुगमन तथा मुल्याङ्कन गरिने छ। हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता, समिक्षा र आवश्यकता अनुसार संशोधन गरिनेछ।
- अनुगमन र मुल्याङ्कन टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई पनि सहभागी गराईनेछ।

## ११. संभावित जोखिम तथा न्यूनीकरणका उपायहरु :

*लैसअसास रणनीतिक योजना कार्यान्वयनमा आउन सक्ने सम्भवित जोखिम र जोखिम न्यूनीकरणका उपायहरु

योजनामा समावेश भएका क्रियाकलापहरुलाइ तहगत रुपमा वर्गिकरण गरि प्रथम वर्षमा के गर्ने, दोस्रो वर्षमा के गर्ने र तेस्रो वा अन्तिम वर्षमा के गर्ने भनी प्राथामिकिकरण गर्नेः

क. *लैसअसासमा काम गर्ने सम्पूण निकाय र संस्थाहरुबीच साझा बुझाइ कायम गर्ने।

ख. *लैसअसास कार्यान्वय समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने।

ग. कार्यक्रम सञ्चालनको लागि आवश्यक अनुसार विभिन्न निकाय, संस्थाहरुसगँ समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने।

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरु |
|---|---|---|
| १ | *लैसअसास विषय गाउँपालिकाको प्राथमिकतामा नपर्न सक्छ। | *लैसअसासलाई प्रथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने। |
| २ | रणनीति कार्यान्वयन गर्न जिम्मेवार निकाय तथा सरोकारवाला बीच समन्वय नहुन सक्छ। | सरोकारवाला बिचमा नियमित समन्वय बैठक राख्ने तथा *पालिकास्तरमा रहेका नागरिक समाज तथा सञ्जालहरुको सहकार्यमा लक्षित समुदायका व्यक्तिहरुलाई लाभान्वित गर्न सकिने बारेमा नियमित छलफल गर्ने। |
| ३ | रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन। | आवश्यक आर्थिक स्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ। स्रोत व्यवस्थापनका लागि गाउँपालिकाले सरोकारवाला निकायहरु, संघ/संस्थाहरु, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र संग साझेदार र आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ। |
| ४ | सामाजिक विभेद तथा भेदभावजन्य व्यवहार र प्रचलन। | समाजमा विद्यमान सबै प्रकारका विभेद तथा भेदभावजन्य प्रचलन, व्यवहार र कुरीतिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भईरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ। चेतनामुलक कार्यक्रमहरु |

| | | |
|---|---|---|
| | | सञ्चालन गरिने छ। कुनै पनि प्रकारको हिंसा, विभेद शोषण र हानिकारक अभ्यासहरुमा गाउँपालिकाले शून्य सहनशीलताको नीति लिनेछ। |

**नोटः**

+सहित "अन्डरलाइन" गरिएको शब्द एवं वाक्यहरू — नयाँ थप गरिएको हो ।

*सहित "अन्डरलाइन" गरिएको शब्द एवं वाक्यहरू — संशोधन गरिएको हो ।

सोही अनुसार जानकारीको लागि अनुरोध छ ।

तिला गाउँपालिका